नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग

## माटो व्यवस्थापन निर्देशनालय

हरिहरभवन, ललितपुर

# सिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४।०९।०८)

यस निर्देशनालयको चालु आ.व. २०७४।७५ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम स्वाईल डाटावेस म्यानेजमेन्ट सफ्टवयर निर्माण तथा सञ्चालन र सो सम्वन्धी अन्य कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट उल्लेखित कार्य गर्न इजाजत प्राप्त फर्म वा संस्थाहरुले यो सूचना र सिलवन्दी दरभाउ पत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रहि सिलवन्दी दरभाउपत्र १५ दिनभित्र यस माटो व्यवस्थापन निर्देशनालय, हरिहरभवन, ललितपुरमा आइपुग्ने गरि रितपूर्वक सिलवन्दी दरभाउपत्र आव्हान गरिन्छ । दरभाउपत्र सम्वन्धी विस्तृत जानकारीको लागि यस निर्देशनालयको सूचना पाटीमा टाँस भए बमोजिम हुनेछ ।

| ठेक्का नं | कामको विवरण | लागत अनुमान | फाराम दस्तुर |
|---|---|---|---|
| २/०७४/७५ | स्वाइल डाटावेस म्यानेजमेन्ट सफ्टवयर निर्माण तथा संचालन | रु.६,८५,८४१।– | १०००।– |

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
माटो व्यवस्थापन निर्देशनालय
हरिहरभवन, ललितपुर

# सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

प्रथम पटक सुचना प्रकाशित मिति: २०७४/०९/८

यस निर्देशनालयको वार्षिक कार्यक्रम बमोजिम स्वाईल डाटावेस स्यानेजमेण्ट सफट्वर निमार्ण तथा सन्चालन र अन्य कार्य सिलबन्दी दरभाउपत्रको माध्यमवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट उल्लेखित कार्य गर्न इजाजत प्राप्त फर्म वा संस्थाहरुले यो सूचना र सिलबन्दी दरभाउपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्न हुन आहवान गरिन्छ ।

१. इच्छुक सप्लायर्सले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र आयकर, स्थायी लेखा नम्बर (PAN)मू. अ. कर दर्ता प्रमाण पत्र नविकरण भएको, आ.व.२०७२/७३ सम्मको कर चुक्ता प्रमाण पत्र ,उद्योग दर्ता प्रमाण पत्र आदिको प्रमाणित प्रतिलिपीहरु संलग्न गरि रु. १०००। को नगद दस्तुर तिरी (फिर्ता नहुने गरि ) यस निर्देशनालयको कार्यालय समयमा दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।
२. दरभाउपत्र फारममा आफुले कवोल गरेको दररेट अंक र अक्षरमा स्पष्ट गरि पेश गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।
३. दरभाउपत्र खरिद तथा दाखिला पेश गर्ने अन्तिम मितिमा विदा परेमा दर्ता तथा खरिद कार्य सो को भोली पल्ट गर्न सकिने छ ।
४. दरभाउपत्र फारममा दररेट उल्लेख गर्दा भ्याट बाहेकका अंक उल्लेख गरि पेश गर्नुपर्ने छ ।
५. प्राप्त भएको कुनै पनि दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा सुरक्षित रहने छ । शर्तहरु उल्लेख गरि पेश गरिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
६. खरिद गरिएका दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस निर्देशनालयको नाउमा सम्वोधन गरि सिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्ने छ । उक्त सिलवन्दी दरभाउपत्र सोही दिन दिनको २ बजे कार्यालय प्रतिनिधि र दरभाउपत्र दाता वा निजको प्रतिनिधि को रोवहरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थिती नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
७. दरभाउपत्र खोलिएको दिन देखि गणना हुनेगरि कम्तीमा १२० दिन सम्मको लागि दरभाउपत्र मान्य हुनेछ । सिलबन्दी दरभाउपत्र साथ रु.२२०००।- बाईस हजार रुपैया मात्र । जमानत वापत को रकम कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नं.वै.लि. गावहाल धरौटी खाता नम्बर ख ३ धरौटी १८०-५१-००१६८५६ खातामा नगदै जम्मा गरेको सक्कल भौचर (कार्यालय कोड नं. २८-३१२-३२ )वा यस निर्देशनालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकहरुले जारी गरेको विड सेक्युरिटी पत्र पेश गर्नु पर्ने छ ।
८. सिलवन्दी दरभाउदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणाको कागजात शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।
९. म्याद नाघेको वा रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
१०. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने छ ।
११.दरभाउपत्र सम्बन्धी थप केही कुरा बुझ्नुपरेमा कार्यालय समय भित्र यस निर्देशनालयमा आई बुझ्न सकिने र यस निर्देशनालयको वेबसाइट www.doasoil.gov.np मा पनि हेर्न सकिने छ ।

पुनस्च : लागत अनुमान अंक मु.अ.कर बाहेक रु. ६,८५,८४१। छ लाख पचासी हजार आठसय एकचालीस मात्र ।